कान्तिपुर, २०७३/१/२६

# २७ वर्षपछि नलसिंहगाडको डीपीआर सुरु

- **३० महिनामा डीपीआर पूरा हुने, ७ वर्षमा आयोजना निर्माण पूरा गर्ने लक्ष्य**

*भीमबहादुर सिंह*

राष्ट्रिय गौरवको आयोजना नलसिंह गाड जलविद्युतको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) का लागि आयोजनाको विकास समिति र परामर्शदाता कम्पनीबीच सम्झौता भएको छ ।

पहिचान भएको २७ वर्षपछि देशकै ठूलोमध्येको एक यो आयोजनाको क्षमता ४ सय १० मेगावाट छ । डीपीआर निर्माणका लागि विकास समिति र स्मेक एमडब्लुएच उदय कन्सल्ट प्रालि जेभी कम्पनीबीच सम्झौता भएको हो । दुई पक्षबीच सम्झौता भएपछि डीपीआरको कार्य गर्ने बाटो खुलेको हो । अस्ट्रेलियाको स्मेक, अमेरिकाको एमडब्लुएच र नेपालको उदय कन्सल्ट प्रालि जेभी कम्पनीले ९४ करोडको लागतमा डीपीआर निर्माणको सम्झौता गरेका हुन् ।

डीपीआर निर्माणका लागि आर्थिक तथा प्राविधिक हिसाबले उत्कृष्ट परामर्शदातासँग सम्झौता भएको आयोजनाका कार्यकारी निर्देशक मोतीबहादुर कुँवरले बताए । परामर्शदाता कम्पनीले सम्झौता भएको मितिले ३० महिनाभित्रै आयोजनाको डीपीआर निर्माण कार्य सम्पन्न गर्नुपर्ने निर्देशक कुँवरले बताए । कम्पनीले आयोजनाको आर्थिक तथा प्राविधिक र वातावरणीय प्रतिवेदन तयार पार्नेछ ।

आयोजनाका अहिलेसम्म भएका सबै अध्ययन अन्दाज हुन् । 'डीपीआर कार्य पूरा भएलगत्तै आयोजनाको निर्माण कार्य सुरु हुनेछ,' कुँवरले भने । आयोजनालाई वातावरणमैत्री बनाउन डीपीआर अनिवार्य भएको उनको भनाइ छ । 'डीपीआरका लागि ९ महिना लडाइँ लडियो,' उनले भने, 'जलमाफियाले डीपीआर कार्य अगाडि बढ्न नदिन अनेक चलखेल गरे ।' डीपीआर निर्माण भएको ७ वर्षमै आयोजना निर्माण कार्य पूरा हुने उनले बताए । सरकारले यस आयोजनालाई १० वर्षे कार्ययोजनामा राखेको भए पनि त्यसअघि नै निर्माण सम्पन्न हुने उनको भनाइ छ ।

यसअघि परामर्शदाता छनोटमा मिलोमतो भएको भन्दै विभिन्न सरकारी निकायमा जलमाफिया समूहले उजुरी गर्दा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) कार्य प्रभावित बनेको थियो । विद्युत प्राधकिरणले यस जलाशययुक्त आयोजनाको ४ वर्षअघि सम्भाव्यता अध्ययनको कार्य पूरा गरेको थियो । आयोजनामा १ अर्ब बजेट खर्च भइसकेको छ ।

देशमा ऊर्जा संकट टार्न नलसिंह गाड जलविद्युत सहयोगी हुने कुँवरले बताए । जलाशययुक्त आयोजना भएकाले विद्युतको मौसमी उच्च माग पूरा गर्ने, डुबान तथा विस्थापित कम हुने, विवादित नभएको, नदी स्थिर भएको, जग्गा कम अधिकरण हुने, वनजंगल कम विनाश हुनेलगायत कारण यो आयोजना अन्यभन्दा महत्वपूर्ण मानिएको उनले जनाए । आयोजनाको बाँधस्थल र जलाशय आसपासमा अटोमेटिक एन्ड डिसार्ज गेजिङ तथा वेदर स्टेसन स्थापना गर्ने, बिल्डिङ एन्ड क्याम्प प्लान गर्नेजस्ता कामहरू सम्पन्न भइसकेका छन् ।

त्यस्तै आयोजना निर्माणस्थलमा रहेको ५ सय ३१ रोपनी जग्गा अधिकरण, मुआब्जा वितरण, विद्युतगृहदेखि बाँधस्थलसम्मको पहुँचमार्ग, शिविर कार्यालय भवनलगायत निर्माण कार्य सुचारु रहेको उनले बताए ।
आयोजना निर्माणका क्रममा ५ सय ८८ घरपरिवार प्रभावित हुने र ३ सय हेक्टर कृषि उत्पादनयोग्य जमिन र ३ हेक्टर वनक्षेत्रमा क्षति पुग्ने भएको छ । आयोजना निर्माणका लागि १ खर्ब बजेट लागत अनुमान गरिएको छ ।

गोरखापत्र, २०७३/१/२६

# विभागले कडाइ गरेपछि विद्युत् उत्पादन अनुमतिपत्र लिने घटे

सरकारले २०७२ सालभर विभिन्न १८ वटा जलविद्युत् आयोजनाबाट कुल ३४८ मेगावाट विद्युत् उत्पादन गर्ने गरी विद्युत् उत्पादन अनुमतिपत्र दिएको छ ।

ऊर्जा मन्त्रालय मातहतको विद्युत् विकास विभागका अनुसार यसै वर्षभित्र वित्तीय व्यवस्थापन समेत गर्ने गरी ती आयोजनालाई अनुमतिपत्र प्रदान गरिएको हो । पछिल्लो दिनमा विभागले केही कडाई गरेपछि सम्पूर्ण तयारी पूरा गरेर मात्रै अनुमतिपत्र लिनुपर्ने निष्कर्षमा प्रवद्र्धकहरु पुगेका कारण त्यस्तो अनुमतिपत्र लिने सङ्ख्यामा कमी आएको हो ।

विभागका अनुसार बलेफी ‘ए’ १० मेगावाट, माथिल्लो हेवा ८.५, सुरी खोला ७, माथिल्लो मोदी ‘ए’ ४२, रुकुम गाड पाँच, घार खोला ८, इवा खोला १०, ठेउले खोला १.५, तानछहरा २.४, लाङटाङ खोला १०, सिद्धिखोला १०, माथिल्लो तादी ११ र लिखु एक ७७ मेगावाट रहेका छन् ।

यस्तै लिखु दोस्रो ५५ मेगावाट, रुरु खोला १३.५, लिखु खोला ‘ए’ ५१, माथिल्लो पिलुवा खोला दोस्रो ४.७ र सिङ्गटी खोला १६ मेगावाट रहेका छन् । विभागका अनुसार रामेछापमा आयोजनास्थल रहेको लिखु एक र लिखु दोस्रो दुबै आयोजनाले आगामी असोज २१ गते वित्तीय व्यवस्थापन गर्ने जानकारी गराएका छन् ।

लिखु एक पान हिमाल इनर्जी र लिखु दोस्रो ग्लोबल हाइड्रो पावरले निर्माण गर्न लागेका आयोजना हुन् । यस्तै लिखु ओला ‘ए’ आयोजना नुम्बुर हिमालय हाइड्रो पावरले निर्माण गर्न लागेको आयोजना हो । सो आयोजनाको प्रवद्र्धकले २०७४ साल कात्तिक १५ गतेभित्र वित्तीय व्यवस्थापन गर्ने बताएको छ ।

विभागका अनुसार कुल १८ वटा आयोजनामध्ये ६ वटा आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता गरिसकेको तथा केही वित्तीय व्यवस्थापनको क्रममा समेत रहेका छन् । यसरी दुबै काम सम्पन्न भएका आयोजनामा माथिल्लो हेवा खोला हाइड्रो पावरले निर्माण गर्न लागेको माथिल्लो हेवाको पिपिए सम्पन्न भएको र गत पुस २३ गते नै वित्तीय सम्झौता समेत भइसकेको छ ।

यस्तै मनकामना इन्जिनियरिङले निर्माण गर्ने दोलखामा आयोजनास्थल रहेको घट्टे खोलाको पनि गत माघ २२ गते नै वित्तीय व्यवस्थापन भइसकेको छ । त्यसैगरी रसुवामा आयोजनास्थल रहेको मल्टी इनर्जी डेपलपमेन्टले निर्माण गर्ने लाङटाङ खोलाको आगामी भदौ ३१ गते पिपिए र वित्तीय व्यवस्थापन गरिनेछ भने इलाममा आयोजनास्थल रहेको लुम्बिनी बिल्डर्सले निर्माण गर्ने सिद्धि खोला जलविद्युत् आयोजनाको पनि आगामी असोज १२ गतेसम्म पिपिए र वित्तीय व्यवस्थापन गर्ने विभागलाई जानकारी गराएको छ ।

त्यस्तै सूर्यकुण्ठ हाइड्रो इलेक्ट्रिकले निर्माण गर्ने माथिल्लो तादी ११ मेगावाट क्षमताको आयोजनाको पनि आगामी असोज २१ गतेसम्म वित्तीय व्यवस्थापन गर्ने जनाएको छ ।

विभागका अनुसार २०६८ पछि हालसम्म कुल १०० जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरिएको छ । पछिल्लो दिनमा निर्माण सुरु गर्नै लागेको र विश्वास दिलाएका आयोजनालाई मात्रै उत्पादन अनमुतिपत्र दिने प्रणालीको विकास गरेपछि उत्पादन अनुमतिपत्र लिनेको सङ्ख्यामा कमी आएको पाइएको हो । विसं २०७१ मा कुल ११ वटा आयोजनालाई मात्रै विद्युत् उत्पादन अनुमतिपत्र दिएको विभागले २०७२ सालमा आएर १८ वटा जलविद्युत् आयोजनालाई उक्त उत्पादन अनुमतिपत्र प्रदान गरेको हो । गत साल रुप्से खोला ४ मेगावाट,

माथिल्लो दोर्दी २५, खारे खोला २४, माया खोला १४, वाग्मती खोला २०, सोलु खोला ८६ र दरवाङ म्याग्दी खोला २५ मेगावाटलगायतलाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरिएको थियो ।

विभागकाअनुसार हालसम्म सबैभन्दा बढी २७ वटा आयोजनालाई २०७० सालमा विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरिएको छ । उत्पादन अनुमतिपत्र लिएका अधिकाशं आयोजनाले निर्माण सुरु गरेका छन् । तोकिएको समयमा नै आयोजना सम्पन्न हुने हो भने राष्ट्रिय प्रसारणमा थप करिब तीन हजार मेगावाट विद्युत् उत्पादन हुनसक्ने र मुलुकको ऊर्जा सङ्कट समाधान हुन सक्छ ।

‘चौहत्तर आयोजना प्रतिक्षामा’

विद्युत् विकास विभागका सिनियर डिभिजनल इन्जिनियर बाबुराज अधिकारीले उत्पादन अनुमतिपत्र पाउनु भन्दा पहिले विद्युत् जडान सम्झौता, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका कागजात पेस गर्नुपर्ने भएकाले पनि केही प्रवद्र्धकले मात्रै त्यस्तो अनुमतिपत्र लिएको बताउनुभयो ।

विभागमा हाल ७४ वटा आयोजनाले उत्पादन अनुमतिपत्र पाउँ भनी निवेदन दिएको जानकारी दिँदै उहाँले ३६ वटा आयोजना अनमुतिका लागि योग्य रहेको पाइएको जानकारी दिनुभयो ।

“प्राप्त भएका सबै निवेदनका मिहिन अध्ययन, आवश्यक कागजात छ छैन हेरेर मात्रै दिने गरिएको छ । अनुमतिपत्र लिने वित्तिकै ३५ वर्षको गणना सुरु हुने भएकाले सबै प्रक्रिया पु¥याउनुपर्छ,” अधिकारीले भन्नुभयो ।

रासस

कारोबार, २०७३/१/२६

## दश वर्षमा दशहजार मेगावाट विद्युत्

सरकारले आगामी १० वर्षमा दश हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य अगाडि सारेको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले व्यवस्थापिका–संसद्मा आज घोषणा गरेकाे आर्थिक वर्ष २०७३÷७४ को वार्षिक नीति तथा कार्यक्रममा सो कार्यक्रम समेटिएको हो ।

यस्तै, सरकारले सातवटै प्रदेशमा जलाशययुक्त आयोजना अगाडि बढाउने लक्ष्य अगाडि सारेको छ भने बहुउद्देश्यीय जलविद्युत् आयोजना अगाडि बढाउने र जनताको लगानीमा जलविद्युत् आयोजना अगाडि बढाई विदेशमा काम गर्ने नेपालीलाई सहभागी गराउने लक्ष्यसमेत राखिएको छ । रासस

नागरीक, २०७३/१/२६

# जिएमआरले माग्यो थप वर्षदिन

*लक्ष्मण वियोगी*

माथिल्लो कर्णाली जलविद्युत आयोजना (नौ सय मेगावाट) का लागि वित्तीय स्रोत जुटाउने समय एक वर्ष थप गरिदिन जिएमआर इनर्जी कम्पनीले सरकारसँग माग गरेको छ। भूकम्प र नाकाबन्दीले तोकिएको समयमा वित्तीय स्रोत जुटाउन सक्ने अवस्था नदेखिएको भन्दै आयोजना निर्माण जिम्मा पाएको भारतीय कम्पनीले थप समय मागेको हो।
कम्पनीले अबको करिब पाँच महिनाभित्र (असोज ३ गते) स्रोत व्यवस्था गरिसक्नुपर्छ।

कम्पनीसँग २०७१ असोज ३ मा सम्पन्न आयोजना विकास सम्झौता (पिडिए) को सर्तअनुसार उक्त मितिबाट दुई वर्षभित्र स्रोत जुटाउन नसके उसले आयोजना छाड्नुपर्छ। पछिल्ला ८–९ महिना नेपालको अवस्था प्रतिकूल रहेको र सोहीअनुसार काम गर्न नसकेका कारण पिडिएमा उल्लिखित समयमा लगानी जुटाउन नसकिने कम्पनीको तर्क छ।

लगानीका लागि विदेशी बैंक वित्तीय संस्थासँग छलफल भइरहेकाले कम्तीमा एक वर्ष समय थपिदिन आग्रह गर्दै जिएमआरले गत साता लगानी बोर्डमा पत्र पठाएको उच्च स्रोतले नागरिकलाई बतायो।

'भूकम्प र नाकाबन्दीले तोकिएको काम गर्न नसकेको कम्पनीले पत्रमा खुलाएको छ,' स्रोतले भन्यो, 'प्रसारण लाइनको क्षमता बढाउनेबारे सरकारले कुनै प्रतिक्रिया नदिएकाले पनि थप समय लाग्नेछ।'

नेपालका आवासीय निर्देशकसमेत रहेका जिएमआर इनर्जीका सहउपाध्यक्ष हर्विन्दर मनोचासँग यसबारे बु‰दा वित्तीय स्रोत जुटाउने समय थपिदिन पत्र पठाएको बारे स्पष्ट जानकारी दिएनन्। 'विदेशी वित्तीय संस्थाले लगानीका लागि प्रस्ताव गरेका छन्, यसबारे हामी निरन्तर छलफलमा छौं। केही समय लाग्न सक्छ,' उनले नयाँदिल्लीबाट बुधबार फोनमा नागरिकसँग भने, 'छिट्टै आयोजनाका लागि आवश्यक लगानी जुट्नेमा हामी विश्वस्त छौं।'

'कम्पनीले अहिले आयोजनास्थलमा निर्माणका कुनै काम गरेको छैन। भूकम्प र नाकाबन्दीले पनि यसमा असर गरेको छैन। तर असर गरेको भन्दै लगानी जुटाउन थप समय माग्नु आयोजना नबनाउने खेल हो,' स्रोतले भन्यो, 'सरकारले थप समय दिन हुन्न, तोकिएको समयमै वित्तीय व्यवस्था गर्न दबाब दिएर आयोजना बनाउन बाध्य पार्नुपर्छ।'

स्रोतका अनुसार वैशाख १५ गते बसेको सञ्चालक समिति बैठकमा जिएमआरको पत्रका विषयमा छलफल भएन। अर्को बैठकमा यसबारे छलफल गरेर टुंगो लगाउने बताइएको छ। केही अधिकारीको असहमति रहे पनि बोर्ड जिएमआरका लागि समय थपिदिन तयार छ।

कमजोर वित्तीय अवस्थाका कारण आयोजनामा जिएमआरले न्यूनतम सेयर लिएर बस्ने वा स्वामित्व अन्य विदेशी कम्पनीलाई सुम्पेर जोखिमबाट पन्छिने मौका हेरेको छ। तर, कम्पनी जिम्मेवारीबाट पन्छिन नमिल्ने लगानी बोर्डका अधिकारीको तर्क छ। 'पिडिएमै उसले आयोजना छाड्न नपाउने स्पष्ट व्यवस्था छ,' बोर्डका एक अधिकारीले

भने, 'आयोजना बनाउँदैन वा भाग्छ भन्ने हल्ला गलत हो।'

ऋण जुटाउन जिएमआरले गत चैत २३ र २४ मा विदेशी वित्तीय संस्था तथा दातालाई बोलाएर काठमाडौंमा छलफल गरेको थियो। उक्त छलफलपछि सात विदेशी र एउटा नेपाली वित्तीय संस्थाले करिब एक खर्ब १२ अर्ब रुपैयाँ ऋण लगानी गर्ने मौखिक बचन दिएका थिए। तर, ती निकायले ऋण दिन्छन् वा दिँदैनन्, यकिन छैन।

वैशाखमा भूकम्पलगत्तै र नाकाबन्दीपछि लगानी जुटाउने समय थपिदिन जिएमआरले निरन्तर पत्र पठाउँदै आएको बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले बताए। 'आयोजना क्षेत्रमा आवास तथा नदीमा पुल बनाउने काम सुरु भएको छ, यी काम गर्न निर्माण सामग्री ल्याउन नपाएको गुनासो छ,' उनले नागरिकसँग भने, 'समय थपिदिन पत्राचार गरे पनि हामीले यसबारे केही सोचेका छैनौं।' समय पछि पनि थप्न सकिने हुँदा अहिले लगानी सुनिश्चितताका काम गर्न निर्देशन दिइएको उनले बताए।

माथिल्लो कर्णाली हाइड्रोपावर कम्पनीमा विश्व बैंक अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) को १० प्रतिशत सेयर छ। जिएमआरको आग्रहमा उसैले आवश्यक ऋण जुटाइदिने जिम्मा दिएको छ। ऋण दिने घोषणापछि यस्तो सूचना एक सय २० दिन विश्व बैंकको वेबसाइटमा राखेरमात्र थप काम अघि बढाउने कानुनी प्रक्रिया भएकाले पनि स्रोत जुट्न समय लागेको बोर्ड अधिकारी बताउँछन्।

विदेशी वित्तीय संस्थासँग काठमाडौंमा भएको छलफलपछि आइएफसी, युरोपियन इन्भेस्टमेन्ट बैंक (इआइबी), एसियाली विकास बैंक (एडिबी), कमनवेल्थ डेभेलपमेन्ट कोअपरेसन (सिडिसी), युरोपियन डेभलपमेन्ट फाइनान्सियल इन्स्टिच्युसन (इडिएफआई), फन्ड फर इन्टरनेसनल डेभलपमेन्ट (ओपेक) र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले ऋण दिने मौखिक वचन दिएका थिए।

आयोजनामा नेपाल इन्भेस्टमेन्ट बैंकको अगुवाइमा नेपाली वित्तीय संस्थाले समेत ऋण लगानी गर्ने भएका छन्। बोर्डका अनुसार विदेशी दाता तथा वित्तीय संस्थाले ८६ करोड (करिब ९१ अर्ब १६ करोड रुपैयाँ) अमेरिकी डलर र स्वदेशी संस्थाले २० करोड डलर (करिब २१ अर्ब २० करोड रुपैयाँ) ऋण दिन सहमत छन्।

आयोजनाका लागि अनुमानित करिब एक खर्ब ४० अर्ब रुपैयाँ (प्रसारण लाइनसहित) लगानीमध्ये ७० प्रतिशत ९८ अर्ब रुपैयाँ ऋण र बाँकी स्वपुँजी हुनेछ। स्वदेशी र विदेशी वित्तीय संस्थाले ऋण रकम दिन तयार भएपछि निर्माणमा समस्या नहुने पन्तले बताउँदै आएका छन्।

आयोजनाबाट नेपालले एक सय आठ मेगावाट बिजुली र २७ प्रतिशत निःशुल्क सेयर पाउँछ। अहिले जिएमआरसँग ६३ प्रतिशतमात्र स्वामित्व छ। बढी स्वामित्व अन्य निकायलाई बेचेर आफूले कम राख्ने जिएमआरको योजना छ। यसो हुँदा आयोजनामा उत्पन्न हुने जोखिम पनि कम हुनेछ।

जिएमआरले ऊर्जा, विमानस्थल, सडक पूर्वाधार, सहरी विकासलगायत क्षेत्रमा लगानी गर्दै आएको छ। पछिल्लो समय उसको विमानस्थलबाहेक सबै व्यवसाय धराशयी हुँदै गएका छन्। आफैंले ऋण लगानी गर्न नसकेपछि नै उसले विदेशी वित्तीय संस्थालाई अनुरोध गरेको हो। स्वदेशी र विदेशी संस्थाबाट झन्डै सवा खर्ब रुपैयाँ ऋण दिने

वचन पूरा हुनेमा जिएमआर नै विश्वस्त देखिँदैन।

आयोजना निर्माण प्रक्रिया सुरु गर्न पहिलोपटक सन् २००८ मा जिएमआर र सरकारबीच समझदारी भएको थियो। पिडिए भएको पनि डेढ वर्ष नाघिसकेको छ। सम्झौता भएको ६ महिनाभित्र तल्लो तटका सिँचाइ, वातावरणीय र जैविक क्षेत्रमा पर्ने असर अध्ययन गरेर प्रतिवेदन बुझाउनुपर्ने पिडिएमा छ। यसको पनि स्पष्ट परिणाम आएको छैन।

पिडिएको सात वर्षभित्र आयोजना पूरा गर्नुपर्ने सम्झौता छ। सम्झौताअनुसार आयोजनाबाट जिएमआरले निःशुल्क १२ प्रतिशत (एक सय आठ मेगावाट) बिजुली र २७ प्रतिशत सेयर दिनुपर्नेछ। जिएमआरले आयोजना बनाउँदा तल्लो तटमा निर्माण भइरहेका रानीजमरा कुलरिया, राजापुर र सूर्यपटुवा सिँचाइ आयोजनामा असर पर्न नहुने पिडिएमा उल्लेख छ। १८ देखि २१ घन्टासम्म थुनेर तीन घन्टा निरन्तर पानी छाड्दा यसले तल्लो तटमा असर गर्ने विभागका अधिकारी बताउँछन्।

नागरीक, २०७३/१/२७

# जलविद्युत् कम्पनीको सेयर प्रमाणपत्र वितरण शुरू

जलविद्युत् लगानी तथा विकास कम्पनीले साधारण सेयर जारी गरेको चार महिनापछि सोमबारबाट प्रमाणपत्र वितरण सुरु गरेको छ। जलविद्युत् क्षेत्रमा लगानी जुटाउनका लागि स्थापना गरिएको कम्पनीले गत पुस २९ गते सेयर बाँडफाँड गरेको थियो। प्रमाणपत्र छपाइलगायत अन्य प्राविधिक काम मिलाउनका लागि लामो समय लागेका कारण सेयर प्रमाणपत्र वितरणमा समस्या रहँदै आएको थियो। कम्पनीले सोमबार एक सार्वजनिक सूचना प्रकाशित गरी जुन स्थानबाट सेयर आवेदन गरिएको हो सोही स्थानबाट प्रमाणपत्र लिन आग्रह गरेको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले कम्पनीको सेयरमा उत्साहपूर्वक सहभागी हुनुभएका सबै सेयरधनीले आफूले आवेदन गरेकै स्थानबाट सेयर प्रमाणपत्र लिन आग्रह गरे।
"केही ढिलो भए पनि हामीले प्रमाणपत्र वितरण सुरु गरेका छौँ, आशा गर्छौं सबै सेयरधनीले विगतमा जस्तै कम्पनीलाई विश्वास गर्नुहुनेछ" उनले भने। कम्पनीको सेयरका लागि न्यूनतम ५० कित्तादेखि ८० कित्तासम्म आवेदन दिनेले जनही १० कित्ता पाएका थिए। यस्तै ९० देखि ५०० कित्तासम्म आवेदन गर्नेलाई ११.४ प्रतिशतका दरले र त्यसमाथि आवेदन दिनेले २.९ प्रतिशतका दरले वितरण गरिएको थियो।

कम्पनीले रु दुई अर्बको साधारण सेयर निष्कासन गर्दा करिब २२ गुणा बढी आवेदन गरेको थियो। सो आधारमा हेर्दा रु ४३ अर्ब बराबरको आवेदन भएको थियो। कम्पनीले हाल विभिन्न ११ वटा जलविद्युत् आयोजनामा लगानी गरेको छ भने रेमिट हाइड्रोलाई पनि अगाडि बढाएको छ। विद्युत् विकास विभागले समयमै अनुमति नदिँदा रेमिट हाइड्रोको काममा केही व्यवधान उत्पन्न हुँदै आएको छ। कम्पनीका अनुसार हालसम्म विभिन्न आयोजनामा रु आठ अर्ब बराबरको लगानी गरिसकिएको छ।

सेयरधनीले प्रमाणपत्र लिन जाँदा आवेदनका क्रममा दिइएको अर्धकट्टी र नागरिकताको प्रतिलिपि पनि लैजानुपर्ने कम्पनीले जनाएको छ। कम्पनीको सेयर बिक्री प्रबन्धकमा नागरिक लगानी कोष र सहायक बिक्री प्रबन्धकमा एनएमसी क्यापिटल मर्चेन्ट बैंकिङ र एनएमबी क्यापिटल लिमिटेड रहेका थिए। रासस

नागरीक, २०७३/१/२७

# हरेक प्रदेशमा जलाशययुक्त जलविद्युत आयोजना

सरकारले हरेक प्रदेशमा १–१ वटा जलाशययुक्त जलविद्युत आयोजना निर्माण गर्ने गरी अध्ययन सुरु गर्ने कार्यक्रम ल्याएको छ। देश संघीयतामा गइसकेकाले त्यस क्षेत्रको आर्थिक विकास गर्ने लक्ष्यले यस्तो कार्यक्रम ल्याइएको हो।
राष्ट्रपछि विद्यादेवी भण्डारीले आइतबार संसदमा पेस गरेको आर्थिक वर्ष २०७३/७४ को नीति तथा कार्यक्रममा उक्त योजना समेटिएको छ। प्राकृतिक रूपमा सम्भव सबै प्रदेशमा कम्तीमा १–१ जलाशय आयोजना निर्माण गर्न विस्तृत अध्ययन सुरु गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। जलविद्युत विकासबाट मुलुकको दु्रत विकासका लागि पनि जलाशय आयोजना निर्माण अपरिहार्य रहेको भण्डारीले प्रस्ट पारिन्।

१० वर्षमा पाँच हजार मेगावाट बिजुली जलाशययुक्त आयोजनाबाट उत्पादन गर्ने लक्ष्य राख्दै ऊर्जा मन्त्रालयले यसअघि 'ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक, २०७२' ल्याएको छ। मन्त्रिपरिषदले उक्त योजना स्वीकृत गरिसकेको छ। सरकारले सोही योजनालाई नीति तथा कार्यक्रममा समेटेको हो।

बढ्दो ऊर्जा संकट हटाएर आन्तरिक उत्पादनले आत्मनिर्भर बन्नका लागि पनि जलाशययुक्त आयोजना निर्माण प्राथमिकतामा परेको ऊर्जा मन्त्रालयका अधिकारी बताउँछन्। एक वर्षभित्र आधारभूत रूपमा र दुई वर्षभित्र माग बमोजिम विद्युत आपूर्ति गर्ने गरी दु्रत गतिमा काम सुरु गर्ने सरकारको योजना छ। नदी प्रवाही, जलाशयलगायत स्रोतबाट आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य छ।

निर्माणाधीन एक हजार दुई मेगावाटको बूढीगण्डकी र साढे सात सय मेगावाटको पश्चिम सेती जलाशय आयोजना निर्माण तीव्र गतिमा अघि बढाउने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ। जलविद्युत आयोजनासँगै प्रसारण लाइन निर्माण पनि तीव्ररुपमा अघि बढाउने सरकारी योजना छ। यस्तै, प्रसारण लाइन सञ्जाल निर्माण गुरु–योजना तयार गरी आवश्यक देशीय तथा अन्तरदेशीय लाइन निर्माण कार्य दु्रत गतिमा अघि बढ्नेछ।

सरकारी कार्यक्रमअनुसार एकीकृत जलस्रोत विकास व्यवस्थापनमार्फत पर्यावरणीय सन्तुलन र दिगो हुनेगरी सिँचाइ, ऊर्जा र खानेपानीको विकास गर्न बहुउद्देश्यीय जलाशययुक्त आयोजना कार्यान्वयनमा जोड दिइनेछ। सम्भाव्य जलविद्युत उत्पादन क्षमता निश्चित गर्न नयाँ अध्ययन गरिने छ। जलस्रोतबाट उच्चतम लाभ प्राप्त गर्न सबै नदीको बेसिन योजना तथा जलविद्युत विकास गुरु–योजना निर्माण सुरु गर्ने पनि सरकारी कार्यक्रम छ।

बिजुली र सिँचाइ दुवैमा योगदान पुर्यायउने बहुउद्देश्यीय आयोजना निर्माणसमेत प्राथमिकतामा राखिएको छ। निर्माणाधीन सिक्टा, भेरी–बबई डाइभर्सन, बबई र रानी–जमरा कुलरिया बहुउद्देश्यीय आयोजना आवश्यक स्रोत परिचालन गरी समयमै निर्माण पूरा गर्ने लक्ष्य छ। भेरी–बबई र रानी जमरा कुलरियाबाट क्रमशः ४८ मेगावाट र पाँच मेगावाट बिजुली उत्पादन हुनेछ।

सुनकोसी–मरिन, भेरी करिडोर, कन्काई र कालीगण्डकी–तिनाउ डाइभर्सन आयोजनाको अध्ययन एवं कार्यान्वयन अघि बढाउने योजना छ। प्राकृतिक प्रकोपजन्य जोखिम व्यवस्थापन गर्न ठूला नदीबाट कार्यान्वयन सुरु गरिएको 'जनताको तटबन्ध' कार्यक्रम स्थानीय जनसहभागिता मार्फत अभियानको रूपमा कार्यान्वयन गरिने छ।

नेपाल समाचारपत्र, २०७३/१/२७

# दुई वर्षभित्र मागेजति विद्युत्

सरकारले एक वर्षभित्र आधारभूतरूपमा र दुई वर्षभित्र माग बमोजिम विद्युत् आपूर्ति गर्ने लक्ष्य लिएको छ। आइतबार प्रस्तुत सरकारको नीति तथा कार्यक्रममा जलविद्युत् र अन्य नवीकरणीय ऊर्जा उत्पादन गरी उक्त लक्ष्य पूरा गर्ने उल्लेख छ ।

नीति तथा कार्यक्रममा राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी कार्ययोजना, २०७२ कार्यान्वयन गर्दै वि.सं २०८२ भित्र १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने उल्लेख छ । सरकारको नीति तथा कार्यक्रममा विद्युत् वितरण प्रणालीलाई सुदृढ गर्न स्मार्ट मिटर र ग्रीड प्रणाली क्रमिक रूपमा लागू गरिने उल्लेख छ ।

त्यस्तै प्राकृतिकरूपमा सम्भव भएका सबै प्रदेशमा कम्तीमा एक जलाशययुक्त विद्युत् आयोजना निर्माण गर्न विस्तृत अध्ययन शुरू गरिने छ । निर्माणाधीन बूढीगण्डकी र पश्चिमसेती जलविद्युत् आयोजना लगायतका जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया तीव्र गतिमा अगाडि बढाइने छ । सौर्य, वायु, तापीय तथा जैविक ऊर्जाको प्रवद्र्धन गरी आधुनिक ऊर्जामा क्रमशः सबैको पहुँच पुर्याउने सरकारको लक्ष्य छ । एकीकृत जलस्रोत विकास व्यवस्थापन मार्फत पर्यावरणीय सन्तुलन र दिगो हुने गरी सिँचाइ, ऊर्जा र खानेपानीको विकास गर्न बहुउद्देश्यीय जलाशययुक्त आयोजना कार्यान्वयनमा जोड दिइएको छ । साथै सम्भाव्य जलविद्युत् उत्पादन क्षमता निश्चित गर्न नयाँ अध्ययन गर्ने सरकारको योजना छ । जलस्रोतबाट उच्चतम लाभ प्राप्त गर्न सबै नदीहरूको बेसिन योजना तथा जलविद्युत् विकास गुरु–योजना निर्माण शुरू गरिने भएको छ ।

नीति तथा कार्यक्रममा 'जनताको लगानीमा जलविद्युत्' कार्यक्रम सञ्चालन गरी तोकिएका आयोजनाहरूमा वैदेशिक रोजगारीमा रहेका श्रमिकको विप्रेषणको समेत प्रयोग हुने गरी कार्यान्वयन प्रारम्भ गरिने उल्लेख छ । साथै नवीकरणीय ऊर्जाको विकासमा जोड दिई क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास लगायतका संयन्त्रहरूबाट लाभ प्राप्त गर्न सम्बन्धित निकायहरूलाई परिचालन गरिने छ ।'उज्यालो नेपाल, समृद्ध नेपाल' कार्यक्रम र धुवाँमुक्त, स्वच्छ र उज्यालो घर कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाउन अनुदान तथा कर्जा प्रणालीलाई सरल बनाइने सरकोको योजना छ ।

त्यस बाहेक केही वर्षभित्रै सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ उपलब्ध गराउन नवीनतम् प्रविधिको समेत प्रयोग गरी विभिन्न सिंँचाइ आयोजना कार्यान्वयन गरिने छ ।तराई तथा भित्री मधेसका २२ वटा जिल्लामा समृद्ध तराई–मधेस सिंँचाइ विकास विशेष कार्यक्रम सञ्चालन गरिने भएको छ । निर्माणाधीन सिक्टा, भेरी–बबई डाइभर्सन, बबई र रानी–जमरा कुलरिया सिंँचाइ आयोजनाका लागि आवश्यक स्रोत परिचालन गरी तोकिएको समयमा नै सम्पन्न गर्नेगरी निर्माण कार्य तीव्र पारिने छ । सुनकोशी–मरिन सिंँचाइ आयोजनालाई अघि बढाइने छ । भेरी कोरिडोर बहुउद्देश्यीयविकास परियोजना सञ्चालन गरिने छ । कन्काई बहुउद्देश्यीय सिँचाइ र कालीगण्डकी–तिनाउ डाइभर्सनको अध्ययन एवम् कार्यान्वयन अघि बढाइने भएको छ ।

कारोबार, २०७३/१/२७

# ९४ करोडमा नलसिंहगाडको डीपीआर सम्झौता

*सुरेन्द्र सिंह*

जाजरकोट, २७ वैशाख – मध्यपश्चिमको विकास र समृद्धिसँग जोडिएको खगेनकोटस्थित नलसिंहगाड जलविद्युत् आयोजनाको डीपीआर (विस्तृत आयोजना प्रतिवेदन) निर्माणका लागि परामर्शदाता कम्पनीसँग सम्झौता भएको छ । आयोजना पहिचान भएको २७ वर्षपछि डीपीआरका लागि सम्झौता भएको हो ।

आयोजना र परामर्शदाता कम्पनीहरू अस्ट्रेलियाको स्मेक, अमेरिकाको एमडब्लूएच र नेपालको उदय कन्ट्रक्सन प्रालि जेभीबीच आर्थिक तथा प्राविधिक उत्कृष्टताका आधारमा ९४ करोड ८ लाख रुपैयाँको सम्झौता भएको आयोजना विकास समितिका कार्यकारी निर्देशक मोतिबहादुर कुँवरले बताए । कुँवरका अनुसार परामर्शदाता कम्पनीले सम्झौता गरेको मितिले ३० महिनाभित्र आयोजनाको डीपीआर निर्माण गरिसक्नु पर्नेछ । गुणस्तर र लागत दुवै हिसाबले उपयुक्त देखिएर छनोट भएको परामर्शदाता कम्पनीसँग डीपीआर निर्माणको सम्झौता गरिएकोले निर्धारित समयमै काम सम्पन्न हुनेमा आशावादी रहेको निर्देशक कुँवरले बताए ।

परामर्शदाता कम्पनीले निर्माण गर्ने डीपीआरमा आयोजना निर्माण गर्नका लागि आर्थिक तथा प्राविधिक डिजाइन इस्टिमेट निर्माण हुनेछ । डीपीआर निर्माणपछि आयोजनाको निर्माण कार्यका लागि फाइनाइन्समा जान सहज हुनेछ ।

४१० मेगावाट क्षमताको जलाशययुक्त नलसिंहगाड जलविद्युत् आयोजनाको निर्माण अबको ७ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ । आयोजनाले हाल गेजिङ स्टेसन स्थापना गरी हाइड्रो मेट्रो लोकल प्रविधि जडान गरेर नलसिंह गाडको दैनिक हावापानीको बहाव तथा मौसम र जलवायु परिवर्तनको अवस्थालाई अध्ययन गरिरहेको छ । त्यस्तै दैनिक वातावरणीय परीक्षणका लागि स्तरीय उपकरण प्रयोग गरिरहेको र आवश्यकताअनुसार अन्य उपकरण जडान गरेर भूगर्भ मापन तथा भूकम्पको दैनिक अध्ययनसमेत गरिने आयोजनाले जनाएको छ ।

आयोजनाको निर्माणका लागि आवश्यक विद्युत् आपूर्ति गर्न ३.५ मेगावाट क्षमताको साना जलविद्युत् आयोजना निर्माणका लागि रग्दा गाविसको ताँसुगाडको विस्तृत अध्ययन कार्य सम्पन्न भइसकेको छ । यो परियोजनाको निर्माण कार्य तत्काल अगाडि बढाइने विकास समितिले जानकारी दिएको छ ।

आयोजनाको पावर हाउसदेखि जलाशय स्थलसम्म १०.८ किलोमिटर पहुँच मार्ग निर्माणाधीन अवस्थामा छ । आयोजनाका लागि खगेनकोटको दल्लीमा दुइटा भवनको निर्माण कार्य भइरहेको छ । हालसम्म आयोजनाले ५ किलोमिटर दल्लीदेखि सर्ज ट्यांकसम्मको पहुँच सडकको ट्र्याक खोलिसकेको छ । ५३१ रोपनी जग्गा अधिग्रहण पनि गरिसकेको आयोजनाका कानुन अधिकृत राजबहादुर सिंहले बताए ।

पूर्व अनुमानित प्रतिवेदनअनुसार आयोजनाको कुल लागत ६४ अर्ब १५ करोड रुपैयाँ छ । आयोजनाबाट ५८८ घरपरिवार प्रभावित हुनेछन् भने ३१४ हेक्टर कृषियोग्य जमिन र २९० हेक्टर वनजन्य जमिनको क्षति हुनेछ ।

कारोबार, २०७३/१/२७

# प्रदेशमा ७ जलासययुक्त आयोजना

सरकारले प्रत्येक प्रदेशमा कम्तीमा एउटा जलासययुक्त आयोजना अघि बढाउने महत्वकांक्षी लक्ष्य लिएको छ । सरकारले आइतबार व्यवस्थापिका संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष ०७३/०७४ को नीति तथा कार्यक्रममा ऊर्जा समस्या समाधान र सन्तुलन गर्न ७ वटै प्रदेशमा जलासययुक्त आयोजनाको अवधारणा ल्याएको हो । आगामी आवदेखि आयोजना छनौट गरेर सम्भाव्यता अध्ययन अघि बढाउने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । सरकारले आगामी १० वर्षभित्र ५ हजार मेगावाट विद्युत्  जलासययुक्त आयोजनाबाट उत्पादन गर्ने लक्ष्य लिएको छ ।

प्रस्तावित १ हजार २०० मेगावाटको बूढीगण्डकी र ७५० मेगावाटको पश्चिमसेती जलासययुक्त आयोजना अघि बढाउने लक्ष्य लिएको छ । जलविद्युत् उत्पादन बढाउन नदी जलाधार क्षेत्रमा गुरुयोजना र प्रसारणलाइनको विकास गरिने भएको छ । एकीकृत जलस्रोत व्यवस्थापनमार्फत पर्यावरणीय सन्तुलन र दिगो हुनेगरी सिँचाइ, ऊर्जा र खानेपानीका लागि बहुउद्देशीय आयोजना अवधारणा अघि सारिएको छ ।

१ वर्षमा आधारभूत रूपमा र २ वर्षमा पूर्णरूपमा देशलाई लोडसेडिङ मुक्त बनाइने भएको छ । सरकारले हालै ल्याएको ऊर्जा संकट निवारण कार्ययोजना कार्यान्वयनमा ल्याई आगामी एक दशकमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य नीति तथा कार्यक्रममा समावेश गरिएको छ । १० वर्षे जलविद्युत् विकास अवधारणामा उल्लेख भएअनुसार आगामी सन् ०८२ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । ऊर्जा संकट समाधान गर्न सरकारले सौर्य, वायु र जैविकलगायत नविकरणीयलगायत अन्य ऊर्जाको स्रोत पहिचान गरी विकास गर्ने लक्ष्य लिएको छ ।

निर्माणाधीन जलविद्युत् आयोजना निर्धारित समयमा सम्पन्न गर्ने, अन्तरदेशीय प्रसारणलाइनको सुध्रिढीकरण, स्मार्ट मिटर र ग्रिड प्रणाली लागू गरिने भएको छ ।

अभियान, २०७३/१/२७

# १२ सय मेगावाटको बुढीगण्डकीको काम अगाडी बढ्ने

आगामी आवमा बुढीगण्डकी जलविद्युत् आयोजनालाई निर्माण प्रक्रिया शुरु गर्ने क्रममा राखिएको छ भने पश्चिम सेती जलविद्युत् आयोजना पनि अगाडि बढाउने लक्ष्य राखिएको छ ।

सरकारले चालु आवमा कुल १ हजार २ सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनाको मुआब्जा वितरणका लागि स्थानीयवासीको लगत सङ्कलन अघि बढाउनुका साथै ४ सय १० मेगावाट क्षमताको नलसिंहगाड जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पार्न परामर्शदाता छनोटको काम सम्पन्न गरेको छ । विद्युत कटौतीलाई आठ घण्टामा सीमित गर्ने लक्ष्य राखिएको भए पनि यो वर्ष दैनिक १४ घण्टा विद्युत कटौतीको मारमा नेपाली जनता बस्न बाध्य भए । नयाँ आयोजनाको अध्ययनमा विशेष जोड दिने लक्ष्य राखिएको भए पनि त्यसतर्फ काम अगाडि बढ्न सकेन ।

अभियान, २०७३/१/२७

# जलविद्युतको साधारण शेयरको प्रमाणपत्र वितरण

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको रू. १०० अङ्कित दरको २ करोड कित्ता साधारण शेयरको प्रमाणपत्र वैशाख २७ गते सोमबारदेखी वितरण गरिदै छ ।

कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोष रहेको छ ।



जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
Jalvidhyut Lagani Tatha Bikash Company Limited
बबरमहल, काठमाण्डौ
फोन नं.४२४७०२५, ४२४७०२४ फ्याक्स नं.४२६१०६०
URL: www.hidcl.org.np, email: info@hidcl.org.np
को

## साधारण शेयरको प्रमाणपत्र वितरण बारेको सूचना

नागरिक लगानी कोषको निष्काशन तथा बिक्री प्रबन्धकत्व तथा एन.सि.एम. मर्चेन्ट बैंकिङ लि. र एनएमबि क्यापिटल लि. को सह निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निष्काशन गरिएको जलविद्युत लगानी तथा विकास कम्पनी लि.को रु.१००/- अङ्कित दरको २,००,००,००० कित्ता साधारण शेयरहरुको प्रमाणपत्र यही **मिति २०७३/०१/२७ गते सोमबार** देखी वितरण गर्ने व्यवस्था मिलाइएकोले सम्बन्धित सबै शेयरधनी महानुभावहरुले आफूले दरखास्त बुझाएको संकलन केन्द्रमा सम्पर्क राखी आ-आफ्नो प्रमाणपत्र संकलन गर्नुहुन सूचित गर्दछौं ।

शेयरधनीहरुले प्रमाणपत्र लिन आउँदा शेयर बाँडफाँडपत्रको साथै आफ्नो नागरिकताको प्रतिलिपि अनिवार्यरुपमा लिई आउनुपर्नेछ । स्वयं उपस्थित हुन नसकी अन्य व्यक्तिमार्फत प्रमाणपत्र संकलन गर्न चाहने शेयरधनीहरुको हकमा निजलाई रितपूर्वक मन्जुरीनामा प्रदान गरी निजमार्फत प्रमाणपत्र संकलन गर्न सकिनेछ । यसरी मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिले प्रमाणपत्र संकलन गर्दा शेयरधनीको शेयर बाँडफाँडपत्र र नागरिकताको प्रतिलिपिका साथै आफ्नो नागरिकताको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

नागरिक लगानी कोष

एन.सि.एम. मर्चेन्ट बैंकिङ लिमिटेड
NCM MERCHANT BANKING LTD.

NMB CAPITAL
LIMITED

अभियान, २०७३/१/२७

# २०८२ सालसम्ममा १० हजार मेगावाट विद्युत्

हालसम्म घोषणा भएका योजना कार्यान्वयन गर्न नसकेको सरकारले २०८२ सालसम्ममा १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने घोषणा गरेको छ । व्यवस्थापिका–संसद्मा आइतवार सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै राष्ट्रपति विद्या भण्डारीले आगामी १० वर्षमा उक्त परिमाणको विद्युत् उत्पादन गरिने घोषणा गरेकी हुन् । '१ वर्षभित्र आधारभूत र २ वर्षमा मागअनुसार विद्युत् उत्पादन गर्ने गरी सरकारले काम अगाडि बढाउनेछ,' राष्ट्रपति भण्डारीले भनिन्, '२०८२ सम्ममा १० हजार मेगावाट विद्युत् उत्पादन गरिनेछ ।'

गत माघमा घोषणा गरिएको 'ऊर्जा सङ्कटकाल निवारण तथा विद्युत् विकास दशक' कार्ययोजनामा सरकारले १० वर्षभित्र १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने उल्लेख छ । ऊर्जा मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थ कार्ययोजनाअनुसारै २०८२ सालसम्ममा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको बताउँछन् । 'माघमा जारी कार्ययोजनाअनुसार नै सरकारले काम गर्ने हो,' उनले भने, 'कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने भनिएको छ ।'

हाल सञ्चालनमा रहेका आयोजनाबाट ७ सय ७६ मेगावाट विद्युत् उत्पादन हुन्छ । जलविद्युत् आयोजनाको अनुमतिपत्र लिइसकेका विभिन्न ९९ आयोजनाबाट आगामी ३ वर्षमा २ हजार ३ सय ८२ मेगावाट विद्युत् उत्पादन हुने सरकारको प्रक्षेपण छ । यस्तै आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएका ७९ आयोजनाबाट  आगामी ६ वर्षमा ५ हजार १ सय २८ मेगावाट विद्युत् उत्पादन हुने सरकारको अपेक्षा छ । १० वर्षभित्रमा विद्युत् खरीद सम्झौता भएका १ सय ७४ आयोजनाबाट २ हजार ५ सय ६८ र 'टेक एण्ड पे' अवधारणाअन्तर्गत ग्रीड प्रभाव अध्ययन भएका ५३ अयोजनाबाट १ हजार १ सय मेगावाट विद्युत् उत्पादन गर्‍न सकिने सरकारले बताएको छ ।

आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने कार्ययोजनामा जलाशययुक्त आयोजनालाई उच्च प्राथमिकतामा राख्ने बताइएको छ । त्यसमा बूढीगण्डकी, नलसिंहगाड, सुनकोशी तेस्रो जलाशयुक्त जलविद्युत् आयोजनालाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढाइने मन्त्रालयका सहप्रवक्ता पन्थले बताए । तीमध्ये बूढीगण्डकी जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर)को काम अन्तिम चरणमा पुगेको र हाल वातावरणीय प्रभाव मूल्याङ्कनका विषयमा नै रहेर सार्वजनिक सुनुवाइको काम जारी छ ।

१ हजार २ सय मेगावाट क्षमताको सो आयोजनालाई अगाडि बढाउन सरकारले चालू आवमा रू. ३ अर्ब २६ करोड बजेट विनियोजन गरेको छ । सरकारले सो आयोजना अगाडि बढाउने उद्देश्यका साथ जग्गा प्राप्ति र मुआब्जा वितरणको काम अगाडि बढाउने भएको छ ।

ऊर्जा सङ्कटकाल घोषणा गरिएकाले अब एकै निकायबाट सबै काम गर्ने प्रणाली विकास गरिनेछ । सो प्रणाली कायम गरिएपछि ७ मन्त्रालय, २३ विभाग र ३३ ओटा कानूनमा टेकेर अगाडि बढाउनुपर्ने जलविद्युत् आयोजनाको काम सहज रूपमा अगाडि बढ्ने विश्वास लिइएको छ । सरकारले हरेक प्रदेशमा कम्तीमा एक÷एक ओटा जलाशययुक्त विद्युत् आयोजना निर्माण गर्ने लक्ष्यसमेत लिएको छ । त्यसका लागि तत्काल अध्ययन गरिने सरकारको नीति तथा कार्यक्रममा घोषणा गरिएको छ ।

गोरखापत्र, २०७३/१/२७

# बिजुली बाल्ने धोको अधुरै

बाँकेको विकट क्षेत्र राप्ती नदीपारिको बघौडावासीको बिजुली बाल्ने धोको वर्षौंदेखि पुरा हुन सकेको छैन ।
सरकारी निकायको झन्झटिलो प्रक्रियाले वातावरणीय प्रभाव परीक्षणमा ढिलासुस्ती हुँदा बघौडावासीको दुःख बढ्दै गएको छ । गत चैत महिनामा सो क्षेत्रमा विद्युत् लाइन विस्तार भइसक्नुपर्नेमा अहिलेसम्म पोल र तारसमेत पुग्न सकेको छैन । निर्माण सम्झौताअनुसार, २०७२ चैत मसान्तसम्म काम सम्पन्न भइसक्नुपर्ने थियो ।
कोहलपुर, चटार, पिप्रहवा, राँझा, पुरैनी, कम्दी, फत्तेपुर र विनौनाहुँदै बैजापुरको धामपुरसम्मको ४४ किलोमिटर विद्युत् लाइन विस्तारको ठेक्का आव २०६६÷६७ मा ‘श्रीम उष्मा एन्ड जनरल प्रालि’ले रु चार करोड १८ लाखमा सकारेको हो । स्थानीयवासीले गाउँभित्रबाट विद्युत् लैजान अवरोध गरेपछि चटारमा डेढ किलोमिटर क्षेत्रमा पोल गाड्न नपाएको निर्माण कम्पनीका प्रबन्ध निर्देशक राजेन्द्र मिश्र बताउनुहुन्छ ।
त्यस्तै फत्तेपुर, बिनौनाबीचको आठ किलोमिटर वन क्षेत्रमा रूख नकाटिँदा विद्युत् विस्तारको काम अवरुद्ध भएको हो । नेपाल विद्युत् प्राधिकरण क्षेत्रीय कार्यालय नेपालगन्जका प्रमुख विनोद उपाध्यायले सम्झौताको म्याद सकिए पनि अबको नौ महिनाभित्र काम पूरा हुने बताउनुभयो । “प्रक्रियामै अल्झिनु परेका कारण काममा ढिलाइ भएको हो” उहाँले भन्नुभयो ।
बघौडा क्षेत्रमा ३० वर्षअघि गाडिएका विद्युत्का पोल हेरेर वाक्कदिक्क भएका स्थानीयवासी अहिलेको सम्झौताअनुसार छिटो काम हुनेमा विश्वस्त थिए । तर निर्माण कम्पनीको ढिलाइ देखेर खिन्न बनेका छन् । रासस

गोरखापत्र, २०७३/१/२७

# दुई वर्षभित्रै मागबमोजिम विद्युत् आपूर्ति

*लक्ष्मीप्रसाद उपाध्याय*

काठमाडौँ, वैशाख २७ गते । सरकारले एक वर्षभित्र आधारभूत रूपमा र दुई वर्षभित्र मागबमोजिम विद्युत् आपूर्ति गर्ने गरी जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जा उत्पादनमा जोड दिँदै नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

निर्माणाधीन जलविद्युत् आयोजनालाई प्रभावकारी रूपमा अगाडि बढाउने र प्राकृतिक रूपमा सम्भव भए सबै प्रदेशमा एक–एक जलाशययुक्त विद्युत् आयोजना निर्माण गर्न विस्तृत अध्ययन सुरु गर्ने कार्यक्रम सरकारले सार्वजनिक गरेको छ ।

राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी कार्ययोजना २०७२ कार्यान्वयन गर्दै आगामी २०८२ भित्र १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने महŒवाकाङ्क्षी योजनालाई पनि प्राथमिकताका साथ नीति तथा कार्यक्रममा राखिएको छ ।

सरकारले उज्यालो नेपालको नारालाई पनि निरन्तरता दिएको छ । ‘उज्यालो नेपाल, समृद्ध नेपाल’ कार्यक्रम र धुवाँमुक्त, स्वच्छ र उज्यालो घर कार्यक्रमलाई अभियानकारूपमा अगाडि बढाउन अनुदान तथा कर्जा प्रणाली सरल बनाउने नीति तथा कार्यक्रममा छ ।

विद्युत् प्रसारण लाइनको राष्ट्रव्यापी सञ्जाल निर्माण गुरुयोजना तयार पार्ने पनि सरकारको नीति तथा कार्यक्रममा छ । आवश्यक देखिएको देशीय तथा अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माण कार्य द्रुत गतिमा अगाडि बढाइने र विद्युत् वितरण प्रणालीलाई सुदृढ तुल्याइने कार्यक्रमलाई पनि सरकारले प्राथमिकतामा राखेको छ । यसपटक सरकारले स्मार्ट मिटर ग्रिड प्रणाली क्रमिक रूपमा लागू गर्ने घोषणासमेत गरेको छ ।

त्यसैगरी निर्माणाधीन बूढीगण्डकी र पश्चिम सेती जलविद्युत् आयोजनालगायतका जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया तीव्र गतिमा अगाडि बढाउने र सौर्य, वायु, तापीय तथा जैविक ऊर्जाको प्रवद्र्धन गरी आधुनिक ऊर्जामा क्रमशः सबैको पहुँच पु¥याइने कुरालाई समेत नीति तथा कार्यक्रममा समेटिएको छ ।

एकीकृत जलस्रोत विकास व्यवस्थापनमार्फत पर्यावरणीय सन्तुलन र दिगो हुने गरी सिँचाइ, ऊर्जा र खानेपानीको विकास गर्न बहुउद्देश्यीय जलाशययुक्त आयोजना कार्यान्वयनमा गरिने भएको छ । जलस्रोतको एकीकृत विकास नीति नहुँदा विकासका कामहरू प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको चौतर्फी टिप्पणी हुन थालेपछि सरकारले एकीकृत जलस्रोत व्यवस्थापनको नीति ल्याएको हो । त्यसैगरी जलस्रोतको विकाससँगै अन्य विकासका कार्यक्रमहरू प्रभावित हुँदै जाने र जलस्रोतको विकास गर्दा पुराना विकासका संरचना बदल्नुपर्ने कुरातर्फ ध्यान दिँदै यसपटकको नीति तथा कार्यक्रममा जलस्रोतबाट उच्चतम लाभ प्राप्त गर्न सबै नदीको बेसिन योजना तथा जलविद्युत् विकास गुरुयोजना निर्माण सुरु गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

त्यसैगरी सरकारले ल्याएको नीति तथा कार्यक्रममा नवीकरणीय ऊर्जाको विकासमा जोड दिई क्योटो प्रोटोकलअन्तर्गतको स्वच्छ विकासलगायतका संयन्त्रबाट लाभ प्राप्त गर्न सम्बन्धित निकायहरूलाई परिचालन गर्ने पनि उल्लेख गरिएको छ ।

नागरीक, २०७३/१/२८

# सम्झौता मिचेर पिपिए म्याद थपिँदै

*लक्ष्मण वियोगी*

नेपाल विद्युत प्राधिकरणले सम्झौता प्रक्रिया मिचेर लिखु–४ (१२० मेगावाट) र बेलेफी (५० मेगावाट) जलविद्युत आयोजनाको विद्युत खरिद सम्झौता (पिपिए) को म्याद थप्ने तयारी गरेको छ।
उत्पादित विजुली भारत निर्यात गर्ने गरी करिब ६ वर्षअघि (वि.सं. २०६७) पिपिए गरिए पनि अहिले देशमै खपत गर्ने भन्दै पिपिए म्याद थप्न लागिएको हो। दुवै आयोजनासँग गरिएको 'फल ब्याक' पिपिए (निश्चित अवधिसम्ममात्र बिजुली किन्ने) को म्याद आगामी जेठ २ गते सकिन्छ। तर, प्रवर्द्धकले म्याद थप्न ऊर्जा मन्त्रालयदेखि प्राधिकरण उच्च अधिकारीसम्म लबिङ गरेको प्राधिकरण स्रोतले जानकारी दियो।

लिखु भारतको ग्रिन भेन्चर प्रालि र बलेफी नेपालकै त्रिवेणी समूहले अनुमति लिएका छन्। यी दुवै आयोजना भारतीय कम्पनीले नै लिए पनि पछिल्लो समय बेलफी नेपाली प्रवर्द्धकले किनेका हुन्। ग्रिन भेन्चरले बिजुली उत्पादन सुरु भएदेखि २७ वर्षसम्मका लागि लिखुको उत्पादन अनुमति पाएको छ भने बलेफीको अध्ययन अनुमतिमात्र छ।

दुवै आयोजनाको पिपिए प्रतियुनिट ५.९९ सेन्ट अमेरिकी डलर (प्रतियुनिट करिब ६.३९ रुपैयाँ) मा भएको छ। अन्तरदेशीय प्रसारण लाइन (४ सय केभी ढल्केबर–मुफ्फरपुर) वा माथिल्लो तामाकोसी जुन आयोजना अघि बन्छ त्यतिबेलासम्म मात्र ती आयोजनाको बिजुली किन्ने सम्झौता छ।

विनाशकारी भूकम्पका कारण तामाकोसी निर्माण केही ढिला हुने भए पनि अन्तरदेशीय प्रसारण लाइनको काम करिब पूरा भइसकेको छ। यहाँबाट नेपालले करिब ८० मेगावाट बिजुली किनिरहेको छ। यो अवस्थामा पिपिए म्याद बढाउन नहुने प्राधिकरण उच्च अधिकारी नै बताउँछन्। 'भारतीय र नेपाली दुवै कम्पनीका अधिकारीले सञ्चालकदेखि यहाँका उच्च अधिकारीसम्म प्रभावमा पारिसके,' प्राधिकरणका एक अधिकारीले भने।

सम्झौताअनुसार जेठ २ भित्र पिपिए स्वतः खारेज हुने हुँदा प्राधिकरण विद्युत व्यापार विभागले यससम्बन्धी फाइल गत पुसमै सञ्चालक समितिमा पेश गरेको थियो। तर, त्यो कार्यकारी निर्देशकको सचिवालयमै रोकिएको स्रोतको दाबी छ। 'निश्चित अवस्थाका लागि भएको सम्झौता त्यसका लागिमात्र मान्य हुनुपर्छ, म्याद बढाउने भन्ने हुँदैन,' स्रोतले भन्यो, 'व्यवस्थापन तथा सञ्चालक समितिले भने यसलाई बेवास्ता गरेको छ।'

निश्चित आयोजना वा 'कन्डिसन'मा भएको सम्झौता लम्ब्याउँदै लैजानु नीतिगत भ्रष्टाचार हो। यसअघि माथिल्लो त्रिशूली–३ 'ए' को क्षमता ६० बाट ९० मेगावाट पुर्यायउने निर्णय हुँदा सम्झौता विपरित निर्णय भएको भन्दै प्राधिकरण उच्च अधिकारी र ट्रेड युनियन कर्मचारीले व्यापक विरोध गरेका थिए।

'उक्त दुई आयोजनाको पिपिए म्याद बढाउनु पनि सम्झौता विपरितको काम हो,' एक ट्रेड युनियन कर्मचारीले भने, 'आयोजना प्रवर्द्धकले उच्च अधिकारी, सञ्चालक र मन्त्रालयका अधिकारीलाई प्रभाव पारिसकेको बुझिन्छ।' प्रलोभनमा परेकै कारण यसमा ट्रेड युनियनले समेत मुख नखोलेको ती कर्मचारीले बताए।

कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने पिपिए म्याद थप्दा प्राधिकरणलाई घाटा नहुने बताए। 'दुवै आयोजनाको पिपिए डलरमा भएको छ, म्यद थप हुने अवस्थामा नेपाली रुपैयाँमा बिजुली किन्ने गरी हुन्छ,' उनले सोमबार नागरिकसँग भने, 'नेपाली प्रवर्द्धकले बनाएका आयोजनाले भन्दा बढी सुविधा पाउनु हुँदैन।'

प्राधिकरणले अन्तरदेशीय प्रसारण लाइनबाट विशेष अवस्थामा मात्र किनेका कारण यही अवस्थामा लिखु वा बलेफीको बिजुली भारत निर्यात हुन नसक्ने काफ्लेको तर्क छ। 'प्रसारण लाइन र ढल्केबरमा २२० केभी सबस्टेसन दुवै निर्माण भएको अवस्थामा मात्र लाइन पूरा भएको मानिन्छ,' उनले भने। पिपिए म्याद थपिए पनि प्राधिकरणमा आर्थिक भार नपर्ने उनले दोहोर्यालए।

विभागले खारेज गर्न अघि बढाएको फाइल सञ्चालक समितिमा पेशै नगरी सञ्चालक लक्ष्मण अग्रवालको संयोजकत्वमा म्याद थप्न तीन सदस्यीय समिति गठन गरिएको थियो। पूर्वऊर्जा मन्त्री राधा ज्ञवालीकै पालामा समिति गठन भए पनि सदस्यबीच विवाद हुँदा निर्णय हुन सकेका छैन। सम्झौता प्रावधानअनुसार पिपिए ब्यूताउँन नमिल्ने विभागले राय दिएको छ।

निश्चित अवधि र प्रयोजनका लागि मात्र पिपिए गरिएकाले अब त्यसको म्याद थप्न नहुने भन्दै व्यापार विभागको अडान छ। लिखुबाट २०७२ पुसभित्र बिजुली उत्पादन हुनुपर्थ्यो। तर, परिणाम नदिएकाले प्राधिकरणले उसको बैंक धरौटी जफत गरिसकेको छ। सम्झौताअनुसार समयमा विद्युत उत्पादन गर्न नसकेका कारणले दुवै आयोजनाले प्राधिकरणलाई जरिवाना तिर्नुपर्छ।

बिजुली भारत निर्यात गर्ने हुँदा ५२ मेगावाटको लिखुको क्षमता १ सय २० र २३ मेगावाटको बलेफीको ५० मेगावाट बनाइएको थियो। तर, प्राधिकरणले ५२ र २३ मेगावाटमै लिउ या तिर (टेक अर पे) प्रावधानमा पिपिए गरेको थियो। प्राधिकरणले अहिले डिस्प्याचेबल (हिउँदमा मात्र किन्ने) पिपिए गर्दै आएको छ। दुई आयोजनाका प्रवर्द्धक भने 'लिउ या तिर' मै पिपिए निरन्तर गर्न लागेका छन्।

प्राधिकरणले स्वदेशी प्रवर्द्धकका आयोजनाबाट हिउँदको मात्र बिजुली किन्ने सम्झौता गरिरहेको छ। तर, भारतीय तथा विदेशी आयोजनाको बिजुली बाह्रै महिना किन्ने सम्झौता गर्ने खेल छ। 'ऊर्जा संकट निवारण तथा विद्युत विकास दसक, २०७२' घोषणा गरी डिस्प्याचेबल पिपिए हटाउने निर्णय भए पनि प्राधिकरणले यसको कार्यान्वयन गरेको छैन।

निजी आयोजनाबाट बाह्रै महिना बिजुली किन्ने प्रावधान सरकारको नीति तथा कार्यक्रममै उल्लेख गर्नुपर्ने भन्दै संकट निवारणकाल कार्यान्वयन भएको छैन। तर, आर्थिक लाभ हुने र विदेशी लगानी भएका आयोजनाका लागि भने प्राधिकरणले 'लिउ या तिर' मै पिपिए गरिरहेको प्राधिकरणकै अधिकारीको दाबी छ। गत सातामात्र प्राधिकरणले स्वदेशी लगानीको १० मेगावाट मोदीखोलाको डिस्प्याचेबल पिपिए गरेको छ।

अभियान, २०७३/१/२८

# ‘ऊर्जा अभावले उत्पादन घटेपछि डण्डीको आयात

स्वदेशी उद्योगले मागअनुसार उत्पादन गर्न नसकेकाले फलामे डण्डी आयात भइरहेको आयातकर्ताहरूले बताएका छन् । बढ्दो लोडशेडिङका कारण ऊर्जाको अभावमा स्वदेशी डण्डी उद्योगको उत्पादन घटेपछि स्वाभाविक रूपमा आयात बढेको उनीहरूको भनाइ छ । आयातित डण्डीको गुणस्तरमा कुनै प्रकारको कमी कमजोरी रहेको समेत आयातकर्ताले दाबी गरे । आयातित डण्डीले पनि खुला बजारमा प्रतिस्पर्धा गर्न पाउनुपर्ने आयातकर्ताको तर्क छ । आयात गरिएका डण्डी भारतका ख्यातिप्राप्त कम्पनीहरूको उत्पादन भएकाले भारतीय गुणस्तरको प्रमाण प्राप्त हुने आयातकर्ताले बताए । भारतका ख्यातिप्राप्त कम्पनीले उत्पादन गरेको डण्डीको गुणस्तर स्वदेशी मापदण्डभन्दा न्यून नहुने आयातकर्ता राजेश क्यालको दाबी छ ।

भूकम्पको क्षतिको पुनर्निर्माण र अन्य विकास निर्माणका लागि डण्डीको माग बढेको आयातकर्ताले बताए । स्वदेशी बजारमा अभाव भएका बेला डण्डीको आयातले कालोबजारीको सम्भावनासमेत न्यूनीकरण गरेको आयातकर्ता क्यालले बताए । ऊर्जा अभावमा स्वदेशी उद्योगको उत्पादन अहिले २५ प्रतिशत हाराहारीमा सीमित भएकाले मागअनुसार आपूर्ति हुन नसकेको उद्योगीहरूले बताए । विगतमा दैनिक १८ घण्टासम्म चल्ने उद्योगहरूको उत्पादन अहिले खुम्चिएको छ ।

दिनमा ८ घण्टा पनि विद्युत् आपूर्ति नहुनाले उत्पादन स्वात्तै घटेको एक उद्योगीको भनाइ छ । त्यो पनि अव्यावहारिक समयमा आपूर्ति हुनाले ५ घण्टा मात्रै उद्योग चलाउन पाइएको उद्योगीको गुनासो छ । ऊर्जाको अभावमा थलिएका उद्योग आवश्यकताअनुसार डिजेलसमेत सहज रूपमा नपाउँदा थप समस्यामा परेका छन् । बढी ऊर्जा चाहिने उद्योगलाई जेनेरेटर चलाउनुपरे डिजेलसमेत बढी आवश्यक पर्छ । उत्पादन घटेपछि मजदूरसमेत अन्य काममा हिँडेकाले अझ समस्या थपिएको उद्योगीको गुनासो छ ।

आयातकर्ता सिद्धिविनायक प्रालिका सञ्चालक अशोककुमार वैद स्वदेशी उद्योगले मागअनुसार उत्पादन गर्न नसकेकाले आयातित डण्डीको माग बढेको बताउँछन् ।

अहिले भारत र तेस्रो मुलुकबाट डण्डी आयात भइरहेको छ । डण्डी आयातबाट सरकारले भन्सार, अन्तःशुल्क र मूल्यअभिवृद्धि कर गरी ५० प्रतिशतसम्म राजस्व लिने गरेको छ । केही समययता फलामे डण्डीको आयात बढेको वीरगञ्ज सुक्खा बन्दरगाह भन्सारका प्रमुख देवीप्रसाद भण्डारीको भनाइ छ । विगतमा समेत केही ठूला निर्माण कम्पनीले भारतीय डण्डी प्रयोग गर्दै आएकाले आयात हुने गरेको थियो । भूकम्पीय पुनर्निर्माणमा डण्डीको माग बढेको अवस्थामा स्वदेशी उत्पादन भने घटेकाले सरकारले आयातमा राजस्व छूट दिएमा उपभोक्तालाई राहत हुने आयातकर्ता क्यालको भनाइ छ ।

कारोबार, २०७३/१/२८

# नेसनल हाइड्रोको कारोबार रोक्ने चेतावनी

*बाबुराम खड्का*

काठमाडौं, २८ वैशाख – अघिल्लो व्यवस्थापनले अग्रिम कर कट्टी (टीडीएस) बापत ४ करोड रुपैयाँ नबुझाएपछि आन्तरिक राजस्व कार्यालयले नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको कारोबार रोक्का गर्ने चेतावनी दिएको छ । कार्यालयले हालै पत्राचार गरी बक्यौता तत्काल नबुझाए कम्पनीको सबै कारोबार रोक्ने चेतावनी दिएको हो । अघिल्लो व्यवस्थापनले आर्थिक वर्ष ०६५/६६ देखि ०६८ सम्मको टीडीएस कट्टा गरेको तर दाखिला नगरेको पाएपछि कार्यालयले ताकेता गरेको कम्पनी अध्यक्ष कुमार पाण्डले बताए । “१.५ प्रतिशत टीडीएस कट्टा गरिएको छ,” उनले भन्यो, “तर त्यो रकम कहाँ गयो हिसाब छैन ।” टीडीएसको हिसाब कम्पनीमा नभए पनि कर तिर्नुपर्ने हुन्छ ।

कम्पनीमा पर्याप्त नगद मौज्दात नभएकाले केही समय पर्खिन अनुरोध गरे पनि आन्तरिक राजस्व कार्यालयले तत्काल भुक्तानी गर्न दबाब दिइरहेको उनले जानकारी दिए । कम्पनीले करको पुनर्मूल्यांकन माग गरेको पनि पाण्डेले बताए ।

टीडीएसले ४ करोड रुपैयाँ दायित्व थपिएको उनले जनाए । कम्पनीले ४.५ मेगावाटको तल्लो इन्द्रावती जलविद्युत् आयोजना बनाउन नबिल बैंकबाट लिएको २० करोड रुपैयाँ ऋण तिर्न बाँकी छ । “पाँच वर्षसम्ममा कर्जा चुक्ता गर्ने गरी बैंकसँग सम्झौता भएको छ,” उनले भने । नेसनलले ७.५ मेगावाट क्षमताको माथिल्लो इन्द्रावती आयोजनाको बिजुली विक्रीबाट वार्षिक साढे १८ करोड रुपैयाँ आम्दानी गरिरहेको छ ।

केही महिनाअघि चीनको पिङजिङ इन्डस्ट्रिज ग्रुप कम्पनी लिमिटेडले इन्द्रावती आयोजनामा काम गरेको ६० लाख रुपैयाँ लिन बाँकी रहेको दाबी गरेपछि अदालतबाट मुद्दा जितेको थियो । नेसनल हाइड्रोका आर्थिक कारोबारसम्बन्धी चार मुद्दा फछ्र्योट हुन बाँकी छ । कम्पनीको कुल १ करोड ३८ लाख कित्ता सर्वसाधारण सेयर छ । प्रवद्र्धक सेयर छैन ।

ऊर्जा मन्त्रालयले तल्लो इन्द्रावतीको विद्युत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) खारेज गरेपछि नेसनलको ६५ करोड रुपैयाँ लगानी डुबेको छ । दशक बित्दा पनि नेसनलको सहायक कम्पनी सुनकोसी हाइड्रोपावर कम्पनी लिमिटेडले तल्लो इन्द्रावती आयोजना सम्पन्न नगरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनमा ऊर्जाले ०७१ पुसमा लाइसेन्स खारेज गरेको हो ।

तल्लो इन्द्रावतीमा नबिल बैंकको अगुवाइमा नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकले ३० करोड ऋण र नेसनलले ३५ करोड रुपैयाँ स्वपुँजी लगानी गरेका छन् । लाइसेन्स ब्युँताउन नेसनल हाइड्रोले ऊर्जा मन्त्रालयमा निवेदन दिएको छ ।

कान्तिपुर, २०७३/१/२९

# अझै भएन नौमुरेको डीपीआर

वैशाख २९, २०७३- छब्बीस वर्षदेखि चर्चामा रहेको २४५ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको नौमुर जलविद्युत् आयोजनाको अझै 'डीपीआर' हुन सकेको छैन ।

सरकारी बेवास्ताका कारण नौमुरेको डीपीआर हुन नसकेको स्थानीय बासिन्दाहरू बताउँछन् । आयोजनाको चर्चा मात्र भएपछि उनीहरूले राजनीतिक दलका केन्द्रीय नेता र सरकारी निकायहरूमा 'डीपीआर' का लागि ध्यानाकर्षण गराउन थालेका छन् ।

ऊर्जा मन्त्रालयमा 'डीपीआर' का लागि ध्यानाकर्षण गराए पनि बेवास्ता भएको एमाओवादी जिल्ला सदस्य उमाराम पौडेलले बताए । 'नौमुरेको धेरै चर्चा भए पनि अहिलेसम्म डीपीआर हुन सकेको छैन,' उनले भने, 'चर्चा होइन काम गरेर देखाउनुपर्‍यो ।'

झिमरुक र माडी नदीको संगमस्थल प्यूठान र अर्घाखाँचीको सिमाना पर्ने नौमुरे जलविद्युत् आयोजनाको ०४४ देखि ०४६ सम्म सर्भे गरिएको स्थानीय बासिन्दा बताउँछन् । 'आयोजना बन्ला भन्ने ठूलो आशा थियो,' जलुकेका पीताम्बर सारुले भने, 'गत वर्ष डीपीआर गर्ने भनेर सरकारले रकम विनियोजन गरेको सुनेको हो । कता हरायो थाहा भएन ।'

तत्कालीन विद्युत् समितिका संयोजकसमेत रहेका सारु बेलाबेलामा नौमुरेबारे कुरा उठ्ने गरे पनि निर्माण कार्य सुरु नहुँदा स्थानीयमा विकास प्रतिको निराशा छाएको बताए ।

'बढदो ऊर्जा संकट न्यूनीकरण गर्ने भन्दै आयोजनालाई निर्माण गर्ने भनिएको हो', सभासद् धनबहादुर रायमाझीले भने, 'दाङ, कपिलवस्तु हुँदै बिहार पानी पुर्‍याउने योजना भारतको रहेछ । पानी भारत दिन नेपालले मानेन ।'

नेपालको हितमा हुनेगरी निर्माण कार्य चाँडै अगाडि बढाउन संसद्मा धेरै पटक कुरा उठाएको उनले बताए ।

उनले यसलाई जलाशययुक्त बनाउनुपर्ने जनाए । उनले यस वर्ष पनि धेरै राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत नौमुरे परियोजना पनि परेको जानकारी दिए ।

झिमरुक र माडी खोलाको संगमस्थल ऐरावतीबाट दुई किलोमिटर तल नौमुरे आयोजनाको निर्माण स्थल रहेको छ । यसको लागत सन् २००७ मा ३२ करोड अमेरिकी डलर अनुमान गरिएको थियो । सुख्खायाममा पनि २ सय ४५ मेगावाट विद्युत् निकाल्न सकिने अध्ययन टोलीले तयार गरेको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्रिय गौरव र बहुउद्देश्यीय आयोजना भएकाले सरकार र निजी क्षेत्रको लगानीबाट यसलाई पूर्णता दिने गरी अगाडि बढाउनुर्ने प्यूठान क्षेत्र न २ का सांसद हिराबहादुर केसीले बताए ।

नौमुरे आयोजना स्थलसहित पर्यटकीयस्थल ऐरावतीसम्म सडक पुर्‍याउन सडक डिभिजन कार्यालय प्यूठानबाट यस वर्ष ८ करोड रकम बहुवर्षीय योजनाअन्तर्गत टेन्डर प्रक्रियामा रहेको सडक डिभिजन कार्यालयले जनाएको छ ।

राजधानी, २०७३/१/२९

## ऊर्जा संकटकाल कार्ययोजना कार्यान्वयन गर्ने निर्णय

नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठकले सरकारले हालै ल्याएको राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणासहितको कार्ययोजना कार्यान्वयन गर्ने निर्णय गरेको छ । ४ फागुनमै मन्त्रिपरिषद्बाट पारित भए पनि विद्युत् प्राधिकरणको असहयोगका कारण अघि बढ्न नसकेको भन्दै ऊर्जा मन्त्रालयले आरोप लगाइरहेका बेला बुधबार बसेको बोर्ड बैठकले कार्ययोजना अघि बढाउने निर्णय गरेको हो ।

विद्युत् प्राधिकरणले विद्युत् मागको प्रक्षेपणलाई आधार बनाउँदै थप विद्युत् खरिद सम्झौता (पीपीए) लगायत नगर्नेलगायतका कारण देखाउँदै कार्ययोजना सबै कार्यान्वयन गर्न नसकिने बताउँदै आएको थियो । बैठकले कार्ययोजना अघि बढाउन सैद्धान्तिक स्वीकृति दिएको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जानकारी दिए । 'समग्र कार्ययोजनालाई कार्यान्वयनमा लैजाने गरी प्राधिकरण बोर्डले निर्णय गरेको छ,' उनले भने ।

बैठकले पीपीएमा प्रतिस्पर्धा गरी सोलारमार्फत जलविद्युत् उत्पादनका लागि प्रतिस्पर्धा गर्ने, लाइसेन्सिङका लागि गाविसबाट सिफारिस ल्याउने व्यवस्था हटाउने लगायतका निर्णय पनि गरेको छ ।

अभियान,   २०७३/१/२९

# टीडीएस तिर्दै नेशनल हाइड्रो

नेशनल हाइड्रोपावर कम्पनीले अग्रिम कर कट्टी (टीडीएस)बापत भुक्तान गर्न बाँकी रकम चाँडै बुझाउने भएको छ । कर पुनर्मूल्याङ्कन गर्न आन्तरिक राजस्व कार्यालयलाई अनुरोध गरिएको बताउँदै कम्पनीका सञ्चालक प्रकाश रजौरेले त्यसबारेमा निर्णय आएपछि टीडीएस बुझाउने बताए । नेशनलको आर्थिक वर्ष २०६५/६६ देखि २०६८/६९ सम्मको टीडीएस बेरुजु देखिएपछि राजस्वले कम्पनीको कारोबार रोक्का गर्ने चेतावनी दिएको थियो ।

रजौरेका अनुसार यसअघि नै कर पुनर्मूल्याङ्कनका लागि निवेदन दिँदा १ करोड रुपैयाँ धरौटीसमेत राखिसकिएको थियो । त्यस्तै अन्तिम रिपोर्टमा वास्तविक दायित्व उल्लेख भएर आउँदा करीब १ करोड कर दायित्व घट्न सक्ने अनुमान कम्पनीको छ । त्यसो भए २ करोड रुपैयाँ टीडीएस दायित्व घट्ने र बाँकी २ करोड रुपैयाँ किस्ताबन्दीका रूपमा भुक्तानी गर्ने योजना कम्पनीको छ । यता, कम्पनीकै नाममा नबिल बैङ्कबाट लिएको करीब १६ करोड रुपैयाँ कर्जा भुक्तानी भइसकेको रजौरेले बताए ।

रजौरेले सहायक कम्पनी सुनकोशी हाइड्रोले निर्माण गर्ने भनिएको तल्लो इन्द्रावती जलविद्युत् आयोजनाका लागि लिएको कर्जा भुक्तानीमा पनि समस्या नरहेको उल्लेख गरे । उनका अनुसार इन्द्रावती जलविद्युत् आयोजनाको निर्माणका लागि नेशनल हाइड्रोपावरको जमानीमा करीब २० करोड रुपैयाँ कर्जा लिइएको थियो । यस आयोजनामा हालसम्म निर्माण भएको पूर्वाधारलगायत गरी ४७ करोड रुपैयाँको सम्पत्ति रहेकाले सो कर्जा भुक्तानीमा पनि समस्या नहुने उनले स्पष्ट पारे ।

‘त्यो आयोजनाको दर्ता खारेज भए पनि सम्पत्ति हाम्रो हो, नयाँ लगानीकर्ता आएमा उसले त्यो सम्पत्तिको मूल्य भुक्तान गर्नुपर्ने हुन्छ, हामी आफैले बनाउने अवसर पाएमा विद्युत् विक्रीबाट हुने आम्दानीले कर्जा चुक्ता गर्दै जान्छौं,’ रजौरेले बताए । हाल नेशनल हाइड्रोको लगानीमा अन्य आयोजना निर्माण गर्ने तयारीसमेत भइरहेको कम्पनीले बताउँदै आएको छ ।

नेपाल समाचारपत्र, २०७३/१/३०

# पुँजीगत खर्च वृद्धि, ऊर्जा क्षेत्रमा लगानी प्रोत्साहन गर्नुपर्ने

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्सलगायतका निजी क्षेत्रका प्रतिनिधिमुलक संस्थाले आगामी बजेटमा समेटिनुपर्ने निजी क्षेत्रका विषय सरकारलाई अवगत गराएका छन्। बिहीबार अर्थ मन्त्रालयमा प्रि–बजेट छलफलको आयोजना गरी उनीहरूले संयुक्तरूपमा आफ्ना धारणा राखेका हुन्।

कालो बजारीसम्बन्धी ऐनले २० प्रतिशतभन्दा बढी नाफा कमाउनेलाई कालोबजारी गरेको ठहर्ने उल्लेख गरेको हुँदा सो ऐन तत्काल परिमार्जन गर्नुपर्नेमा निजी क्षेत्रले माग गरेको छ। ४० वर्षदेखि एउटै कानुन लागू हुँदा परिवर्तित समयअनुरूप व्यवसाय गर्न कठिन भएको भन्दै निजी क्षेत्रले व्यावसायिक क्षेत्रका निम्ति एउटै कानुनले सबै विषय सम्बोधन गर्नुपर्नेमा दर्जनौं अन्य ऐनका प्रावधान पूरा गर्नुपर्ने व्यवस्थाले काम गर्न असहज भएको जनाएको छ। निजी क्षेत्रले औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, विदेशी लगानी ऐनजस्ता प्रमुख ऐन २३ वर्षदेखि संशोधन नहुँदा समस्या भएको गुनासो गरेका छन्। उद्योग–व्यवसायसँग सम्बन्धित ३६ वटाभन्दा बढी कानुन संशोधन गर्नुपर्ने निजी क्षेत्रको माग छ।

त्यस्तै निर्यातमा १० प्रतिशत अनुदान दिन र निर्यात गर्दा भएको आम्दानीमा कर नलगाउन पनि निजी क्षेत्रले सरकारसँग माग गरेको छ। आर्थिक विकासका दृष्टिले एसियाका अतिकम उन्नत नेपाल द्वन्द्वग्रस्त अफगानिस्तानभन्दा माथिमात्र रहेको छ। २०४७ सालमा चीन, भारत र नेपालको समान आर्थिक स्थिति रहेकोमा राष्ट्रको आर्थिक वृद्धिका बाधा नीतिगत रूपमा समाधान गर्नुपर्नेमा निजी क्षेत्रको जोड छ।

त्यसबाहेक जग्गाको हकबन्दी स्वीकृत गराउन ३/४ वर्ष लाग्ने उल्लेख गर्दै त्यो बेलासम्म उद्योगको औचित्य कम भइसक्ने हुँदा जग्गाको हकबन्दी हटाउनुपर्ने बताएका छन् साथै उद्योग चलाउन वन क्षेत्रको जग्गा भाडामा लिँदा त्यति नै जग्गा किनेर सरकारलाई दिनुपर्ने व्यवस्था हटाउनुपर्ने माग निजी क्षेत्रको छ। त्यस्तै उद्योग–व्यवसाय दर्ता शुल्क छुट, व्यवसायीले राखेको पुँजीलाई मान्यता,राजस्व न्यायाधीकरणले किनारा लगाएका मुद्दा सर्वोच्च अदालतमा पुर्याउने अनौठो प्रचलन, स्थायी प्रकृतिको स्वतन्त्र कर विवाद समाधान आयोग गठन, सबै राजनीतिक दलको समर्थनमा नेपालको आर्थिक विकासको कार्यसूची घोषणा, बजेटको कार्यान्वयन र पुँजीगत खर्च वृद्धि, ऊर्जा क्षेत्रमा लगानी प्रोत्साहनलगायतका विषय निजी क्षेत्रले अगाडि सारेको छ।

बिहीबार भएको बजेटसम्बन्धी छलफलमा निजी क्षेत्रले सरकार राजस्वमुखी मात्र भएको आरोप लगाएका छन्। उनीहरू सामान आयात गर्न एउटा नाकाबाट खोलेको एलसी नाका परिवर्तन गर्दा वाणिज्य मन्त्रालयबाट स्वीकृति लिनुपर्ने हुँदा समस्या उत्पन्न गराएको भन्दै यस्तो व्यवस्था हटाउन माग गरेका छन्। निजी क्षेत्रले आर्थिक वर्ष २०७३/७४ को बजेटमा ऊर्जा, निर्यात, पर्यटन, कृषि, खानीजन्य उद्योग, शिक्षा तथा स्वास्थ्य उद्योग, पूर्वाधारलाई प्राथमिकता दिनुपर्ने सुझावसमेत दिएका छन्। त्यस्तै अति आवश्यक बाहेकका सम्पूर्ण सरकारी संस्थानको निजीकरण गर्नुपर्ने उल्लेख गर्दै निजी क्षेत्रले उत्पादन मुलक उद्योगलाई १५ प्रतिशतमात्र आयकर लाग्ने व्यवस्था हुनुपर्ने जनाएको छ। साथै अर्को उद्योगमा लगानी गर्न सम्पत्ति बिक्री गरेमा पुँजीगत लाभकर छुट हुने व्यवस्था हुनुपर्ने, सबै औद्योगिक मेसिनरी तथा मेसिनरी पार्टसमा भन्सार नलाग्ने व्यवस्था हुनुपर्ने र उद्योगीले स्वयम् उद्योगमा पुनः लगानी गर्न चाहेमा लाभांश कर छुट हुनुपर्ने माग राखेका छन् ।

बैंक तथा वितीय क्षेत्रले नेपाल बाहिर पनि लगानी गर्न पाउनुपर्ने निजी क्षेत्रको राय छ । व्यक्तिगत र पारिवारिक आयको छुट कम्तिमा क्रमशः ४ लाख र ५ लाख रुपियाँ बनाउनुपर्ने तथा लेखा परीक्षण गराउन नपर्ने सीमा ५०

लाखबाट १ करोड रुपियाँ बनाउनुपर्ने माग निजी क्षेत्रको छ। निजी क्षेत्रको चार दर्जन लामो सुझाव सुनेपछि अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निजी क्षेत्रका सुझावलाई सरकारले मनन गर्ने प्रतिबद्धता जनाउनुभएको छ। उहाँले सरकारले सस्तो लोकप्रियता र निजी क्षेत्रलाई बेवास्ता गर्ने बजेट नल्याउने भन्दै निजी क्षेत्रको विश्वास नटुटने गरी बजेट आउने अर्थमन्त्रीको दाबी थियो। निजी क्षेत्र र सहकारी क्षेत्रसँग मिलेर रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, गरिबी न्यूनीकरण गर्ने बजेट ल्याउने अर्थमन्त्रीको पौडेलको भनाइ थियो। महासंघका अध्यक्ष पशुपति मुरारका, चेम्बरका महासचिव कमलेस अग्रवाललगायतले निजी क्षेत्रले भोग्दै आएका प्रशासनिक झन्झटदेखि कानुनी अड्चन, करका दर र सहुलियतका कुरा उठाएका थिए।

नेपाल समाचारपत्र, २०७३/१/३१

# तामाकोसी प्रवेशमार्ग : वारी सुरुङमार्ग, पारी केबलकार

*राजेन्द्र मानन्धर*

भूइँचालोपछि कार्यतालिका पछ्याउनबाट चुकेको माथिल्लो तामाकोसी जलविद्युत आयोजनाले काम चाँडो सक्न ढुवानी र आवागमणका लागि बुधवारदेखि सुरुङमार्ग निर्माण थालेको छ ।

विद्युतगृह गोंगरदेखि बांधस्थल लामावगर गाउँसम्मको ११ किलोमिटर सडक खण्डमा पर्ने काभ्रेभीरमा करिब ३ सय ६० मिटर लामो सुरुङमार्गको निर्माण थालिएको हो ।

केवबलकार/रोपवे निर्माण कार्य भने दोस्रो चरणमा निर्माण गरिने आयोजनाले जनाएको छ । रोल्वालिङ डाइभर्सनको लागि ढुवानी सहज गर्न रोपवे बनाइन लागिएको हो ।

भूइँचालो जानु भन्दाघिसम्म २०७३ सालको मध्यमा ४५६ मेगावाटको उक्त आयोजना सम्पन्न हुने कार्यतालिका थियो । अब, कुनै बिपत्ति नआएमा २०७४ सालको मध्यसम्ममा काम सकिने लक्ष्य आयोजनाले लिएको छ । आयोजनाले करिब ७८ प्रतिशत लक्ष्य हासिल गरिसकेको छ ।

भूइँचालोले निम्त्याएको चर्को भूक्षयको शिकार तामाकोसीले ३ सय ६० सय मिटर सुरुङमार्ग ३ महिनाभित्र सक्ने अनुमान छ । अर्को करिब ३ किलोमिटर सडक खोल्ने कार्य सम्पन्न गरेपछि आयोजनाको जलाशय क्षेत्र हेडवर्कस्सम्म मोटर चालु हुने छ । भूइँचालोले ठूलो क्षति पुर्‍याएको काव्रेभीरको बाहिरी सडक टिकाउ नहुने निश्कर्षपछि भूमिगत मार्ग बनाउन थालिएको आयोजनाको निश्कर्ष छ । 'बाहिरीसतह कमजोर भएकाले परिपक्क र संधै चालु हुने गरी सुरुङमार्ग निर्माण थाल्यौ,' आयोजना प्रमुख विज्ञानप्रसाद श्रेष्ठले भने । २०७२ बैशाख १२, १३ र २९ गतेको भूकम्पहरुले आयोजना प्रवेशमार्गको सिंगटीदेखि लामावगरसम्म ठाउँठाँउका चेनेजहरु ध्वस्त पारेको थियो ।

भूकम्पले केही भास्सिएको भनिएको निर्माणाधिन जलाशय क्षेत्रसम्म पुग्नका लागि सडक अबरुद्ध भएको १ बर्षपछि भूमिगत बाटो अर्थात् सुरुङमार्ग बनाउन थालिएको हो । भूकम्पपछि बाटो सुधार नहुँदा लामावगर र तिब्बती सिमाक्षेत्रका वासिन्दालाई हिडडुलमा समेत बाधा परेको छ । खोलादेखि १ किलोमिटर ठाडो भीरबाट छिचोलिएको सडक सामान्य कम्पन र बर्षादको पानीले समेत भत्कने आयोजनाले औंल्याएको छ । सुरुङमार्गको अनुमानित खर्च साढे ११ करोड हुने अनुमान छ । पटकपटक सडक अबरुद्ध हुँदा काममा ढिलासुस्तीको क्षेतीपूर्ति र मर्मतमा लाग्ने खर्चको लेखाजोखा गर्दा भूमीगत मार्ग नै उपर्युक्त भएको विकल्प निकालिएको हो ।

**रोल्वालिङ डाइभर्सनको लागि रोपवे**

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा रोल्वालिङ खोलाको पानी मिसाई थप विद्युत् उर्जा उत्पादन गर्ने कार्य अगाडी बढाउन रोपवे बनाइने भएको छ ।

निर्माण कार्य सकिएपछि रोपवेलाई केबल कारको रुपमा विस्तार गर्ने सोच आयोजनाको छ । अत्यन्त कठिन र जटिल भौगोलिक अवस्थिति भएकोले छेतछेतदेखि गौरीशंकर गाविसको रिखु गाउँसम्म रोपवे बनाउने परिकल्पना गरिएको हो । उक्त रोपवे गौरीशंकरको सिमीगाउँ हुँदै रिखुसम्म पुग्ने र सोको लम्बाइ करिब साढे २ किलोमिटर हुने आयोजनाको भनाई छ ।

माथिल्लो तामाकोसीको जलाशयमा ६ किलोमिटर नयां सुरुङबाट सुक्खा मौसममा रोल्वालिङ खोलाको पानी मिसाई सुखा याममा वार्षिक १७ करोड युनिट थप विद्युत् उत्पादन गर्ने कार्य ढुवानी र आवतजावतको लागि रोपवेको यस्तो

विकल्प अघि बढाइएको हो । सुरुमा रोपवेमार्फत मालसामान ढुवानी हुन्छ भने मानिसहरु आवतजावत गर्छन् । रोल्वालिङ डाइभर्सनको काम सम्पन्न भएपछि स्थायी रुपमा केबलकारको रुपमा सञ्चालन गर्ने सोंच आयोजनाको रहेको छ ।

रोल्वालिङ डाइभर्सन अन्तर्गत रोल्वालिङ खोलामा सानो इन्टेक र इन्टेकदेखि माथिल्लो तामाकोसीको जलाशयसम्म करिब ६ किलोमिटर सुरुङ निर्माण हुने गरी जर्मनीको परामर्शदाता लाहमेर इन्टरनेशनलले डिजाइन गरिरहेको र उक्त डिजाइन कार्य अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ ।

उक्त रोपवेसहित रोल्वालिङ डाइभर्सनको निर्माण कार्य भने माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भएपछि मात्र निर्माण सुरु गर्ने लक्ष्य रहेको आयोजनाका योजना तथा अनुगमन इकाईका प्रमुख विमल गुरुङले बताए ।

कारोबार, २०७३/१/३१

# सात आयोजनासँगको पीपीए स्वीकृत

*बाबुराम खड्का*

काठमाडौं, ३१ वैशाख – स्वदेशी लगानीमा निर्माण हुन लागेका सात आयोजनासँगको विद्युत् खरिद–बिक्री सम्झौता (पीपीए) स्वीकृत भएको छ । नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले पीपीए स्वीकृत गरेका यी आयोजनाको जडित क्षमता ८३ मेगावाट छ । प्रवद्र्धकसँग औपचारिक सम्झौता हुन बाँकी छ ।

पीपीएसँगै प्रवद्र्धकले आयोजना निर्माणका लागि लगानी जुटाउन बाटो खुला भएको छ । चालू आर्थिक वर्षको हालसम्म २३ आयोजनासँग २६६ मेगावाटका लागि पीपीए भएको प्राधिकरणले जनाएको छ । यी आयोजनाबाट ०७७ सालसम्म बिजुली उत्पादन हुने प्रवद्र्धक र प्राधिकरणबीच भएको सम्झौतामा उल्लेख छ ।

यस्तै, भारतबाट विद्युत् आयात गर्न एनभीभीएन विद्युत् व्यापार कम्पनी र पावर टे«डिङ कर्पोरेसन अफ इन्डिया (पीटीसी) लिमिटेडबीचको विद्युत् खरिद सम्झौतालाई पनि प्राधिकरणले स्वीकृति दिएको छ । सञ्चालक समितिले स्वीकृत गरेकाले चाँडै प्रवद्र्धकसँग औपचारिक पीपीए हुने प्राधिकरण विद्युत् व्यापार विभाग प्रमुख प्रवल अधिकारीले जानकारी दिए ।

आवश्यकताअनुसार मात्र खरिद गर्न सक्ने गरी प्रवद्र्धकसँग 'टेक एन्ड पे'मा पीपीए भइरहेको उनले बताए । "हालसम्म ४७५ मेगावाट पीपीए 'टेक एन्ड पे'मा भएको छ, तीमध्ये ८३ मेगावाट नयाँ हो," उनले भने ।

हालसम्म प्राधिकरणले निजी लगानीमा बन्ने १९५ आयोजनासँग पीपीए गरेको छ, जसको जडित क्षमता २ हजार ७५८ मेगावाट छ । यी आयोजनाले ०७७ सालसम्ममा बिजुली उत्पादन गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्राधिकरणले हालसम्म न्यूनतम् ५०० किलोवाटदेखि ४५६ मेगावाट क्षमतासम्मका आयोजनासँग पीपीए गरेको छ ।

यसैबीच, आँखुखोला आयोजनामा सनराइज बैंकको नेतृत्वमा ४ अर्ब रुपैयाँ लगानी हुने भएको छ । आयोजनामा लगानी गर्न बैंंक र आँखुखोला जलविद्युत् कम्पनीबीच सहमति भएको सञ्चालक कुमार पाण्डेले जानकारी दिए । उनका अनुसार प्राधिकरणसँग पीपीए सम्झौता हुनसाथ बैंकसँग कर्जा लगानी हुनेछ ।

आयोजनाको कुल लागत साढे ५ अर्ब रुपैयाँ छ । मंसिरदेखि निर्माण सुरु गर्ने लक्ष्य प्रवद्र्धकको छ । ०७६ सालसम्म आयोजना सम्पन्न गर्ने पाण्डेले जानकारी दिए । प्राधिकरणसँग ३४ मेगावाट पीपीए भएपछि आयोजना ४२.९ मेगावाटमा निर्माण उनले पाण्डे बताउँछन् । आयोजनाले १० प्रतिशत प्रभावित स्थानीय बासिन्दा र १५ प्रतिशत सर्वसाधारण सेयर निष्कासन गर्नेछ ।

तिला आयोजनाका लागि समिति

भारतीय लगानीमा निर्माण हुने भनिएको ४२० मेगावाटको तिला १ र ४४० मेगावाटको तिला २ जलविद्युत् आयोजनाको पीपीएका लागि ऊर्जा मन्त्रालयले सहसचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा समिति गठन गरेको छ । दुई आयोजनाको जडित क्षमता ८६० मेगावाट छ । समितिले आयोजनाको सम्भाव्यता अध्ययन र ऊर्जा उत्पादन क्षमतालगायत आर्थिक तथा प्राविधिक पक्ष विश्लेषण गरी प्रतिवेदन दिनेछ । सोही प्रतिवेदनका आधारमा आयोजना अघि बढ्नेछ । भारतको केएसके इनर्जी लिमिटेड र नेपालको एससी पावरको नाममा तिला १ र २ आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) छ । आयोजना बनाउन चीनलगायत अन्य मुलुकसँग लगानीका लागि छलफल भइरहेको सम्बद्ध कम्पनीले जनाएको छ ।

विदेशी लगानी ल्याउने भन्दै केएसकेले अमेरिकी डलरमा पीपीए मागेको छ । हालसम्म मापदण्ड नबन्दा डलरमा

पीपीए हुन सकेको छैन । यसअघि, प्राधिकरणले सुक्खायाममा प्रतियुनिट १० रुपैयाँमा पीपीए गर्ने आधार दर तयार गरेको थियो । सरकारले ल्याएको ऊर्जा संकट निवारण तथा १० वर्षे विद्युत् विकास कार्ययोजनामा पनि १० वर्षसम्मका लागि डलरमा पीपीए गर्ने उल्लेख छ ।